**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**भजनी नगरपालिका, कैलाली**

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ६ प्रमाणीकरण मिति :- २०७६/०८/२६

प्रकाशन मिति :- २०७६/१०/०८

## भाग - २

## वैठक भत्ता तथा भ्रमण तथा खर्च सम्बन्धी कार्यविधि, २०७६

नगरपालिकामा बस्ने विभिन्न बैठक तथा पदाधिकारीहरुबाट हुने भ्रमण खर्चलाई पारदर्शी, व्यवस्थित बनाउन बान्छनीय भएकोले, स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

**१. नगरसभा बैठक भत्ता सम्बन्धी व्यवस्था:**

क) नगरसभाको बैठकमा उपस्थित पदाधिकारीहरुलाई प्रत्येक नगरसभा बैठक वापत प्रति बैठक प्रति व्यक्ति रु १५००/- (अक्षरेपि एक हजार पाँच सय) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता उपलब्ध गराइनेछ ।

ख) नगरसभाको बैठकमा प्रमुख प्रशासकीय अधिकृतलाई सदस्य सचिवको भूमिकामा समावेश गरिनेछ ।

ग) नगरसभा बैठक संचालनार्थ आवश्यक सहयोगका लागि प्रमुख प्रशासकिय अधिकृत बाहेक वढीमा २ जना कर्मचारीहरु राख्न पाउनेछ र निजहरुले पनि प्रत्येक बैठकको प्रति व्यक्ति रु १५००/-(अक्षरेपी एक हजार पाँच सय) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता उपलब्ध गराइनेछ ।

घ) नगरसभा बैठकमा उपस्थित सदस्य तथा सहयोगार्थ खटिने कर्मचारीहरुलाई खाजा वा खाना खाजा दुवैको व्यवस्था कार्यालयले गर्नेछ । खाजा खाना वापत भनेर कुनै पनि रकम उपलब्ध गराइने छैन ।

**२. नगरकार्यपालिका बैठक भत्ता सम्बन्धी व्यवस्था :**

क) कार्यपालिकाको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ र सो भन्दा बढी आवश्यता अनुसार वैठक वस्न सक्नेछ । बैठकमा उपस्थित पदाधिकारीहरुलाई प्रत्येक बैठक बापत प्रति व्यक्ति रु

१५००/-(अक्षरेपी एक हजार पाँच सय) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता गराईने छ ।

ख) कार्यपालिकाको बैठकमा प्रमुख प्रशासकीय अधिकृत सदस्यका सचिवको भुमिकामा समावेश गरिनेछ ।

ग) कार्यपालिकाको बैठक संचालनार्थ आवश्यक सहयोगका आगि सदस्य सचिवले वढीमा १ जना कर्मचारीहरु राख्न पाउनेछ र निजहरुले पनि प्रत्येक बैठकको रु १५००/-(अक्षरेपी एक हजार पाँच सय) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ ।

घ) कार्यपालिकाको बैठकमा उपस्थित सदस्य तथा सहयोगार्थ खटिने कर्मचारीहरुलाई खाजा वा खाना खाजा दुवैको व्यवस्था कार्यालयले गर्नेछ । खाजा, खाना वापत भनेर कुनै पनि रकम पाउनेछैन ।

## ३. वडा समिति बैठक भत्ता सम्बम्धी व्यवस्थाः

क) वडा समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ तर महिनामा तीन पटक भन्दा वदी बैठक बसेको भत्ता पाइनेछैन । वडा समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रति बैठक प्रति व्यक्ति रु.१५००।- (अक्षेरुपी एक हजार पाँच सय)का दरले निययमानुसार कर कट्टी गरि बैठक भत्ता उपलब्ध गराईनेछ ।

ख) वडा सचिवले वडा समितिको बैठकमा सदस्य सचिवको रुपमा काम गर्नेछ तर कुनै पनि वडामा कार्यालय सहायक वा अन्य कर्मचारीले वडा सचिव भई वा वडा सचिवले गर्ने कामकाज गर्दै आएको अवस्थामा निज पनि सदस्य सचिवका रुपमा समावेश हुनेछ ।

ग) वडा समितिको बैठक संचालनार्थ आवश्यक सहयोगका लागि वढीमा १ जना कर्मचारीहरु राख्न पाउनेछ र निजहरुले पनि प्रत्येक बैठकको प्रति व्यक्ति रु १५००/-(अक्षरेपी एक हजार पाँच सय) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ ।

घ) वडा समितिको बैठकमा उपस्थित सदस्य तथा सहयोगार्थ खटिने कर्मचारीहरुलाई खाजा वा खाना खाजा दुवैको व्यवस्था वडा समितिको कार्यालयले गर्नेछ । खाजा खाना वापत भनेर कुनै पनि रकम पाउनेछैन ।

## ४. विषयगत समिति, न्यायिक समिति लगायत सम्पूर्ण समितिहरुको बैठक भत्ता सम्बन्धी व्यवस्थाः

क) विषयत समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रति व्यक्ति रु १५००/-(अक्षेरुपी एक हजार पाँच सय मात्र) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ । साथै बैठकमा सचिवको कार्य गर्ने कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछ ।

ख) विषयगत समिति, न्यायिक समिति वा अन्य समितिहरुको बैठक संचालनार्थ आवश्यक सहयोगका लागि वढीमा १ जना कर्मचारीहरु राख्न पाउनेछ र निजहरुले पनि प्रत्येक बैठकको प्रति व्यक्ति रु. १५००/-(अक्षरेपी एक हजार पाँच सय) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ ।

ग) विषयगत समिति, न्यायिक समिति वा अन्य समितिहरुको बैठकमा उपस्थित सदस्य तथा सहयोगार्थ खटिने कर्मचारीहरुलाई खाजा वा खाना खाजा दुवैको व्यवस्था नगरपालिकाको कार्यालयले गर्नेछ । खाजा, खाना वापत भनेर कुनै पनि रकम पाउनेछैन ।

घ) न्यायिक समितिको बैठक वा पेशी दैनिक वा साप्ताहिक वा  मुद्धाको चाप हेरि आवश्यकता अनुसार वस्न सक्नेछ ।

## ५. पदाधिकारीहरुको भ्रमण खर्च सम्बन्धी व्यवस्था :

क) नगरपालिकाको सरकारी कामकाजको सिलसिलामा मुलुक वाहिर वा भित्र भ्रमण गर्नुपर्दा नगरपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र सदस्य लगायत अन्य पदाधिकारीहरुले स्थानीय तहका पदाधिकारी एवं सदस्यको सुविधा ऐन, २०७५ बमोजिम भत्ता पाउनेछन ।

ख) नगरपालिकाको सरकारी कामकाजको सिलसिलामा पदाधिकारीहरु मुलुकभित्र भ्रमण गर्नुपर्दा भ्रमणको लागि यातायातको टिकट खरीद गर्नुपर्ने भएमा टिकट खरीद गर्दा लागेको रकम कार्यालयबाट भुक्तानी दिईनेछ ।

ग) कुनै पनि गोष्ठी, सेमिनार, तालिम आदिमा आयोजक संस्था आफैले भ्रमण खर्च व्यहोर्ने भनी उल्लेख भई आएमा नगरपालिकाबाट भ्रमण भूत्तानी हुनेछैन तर आयोजक संस्थाले दिएको सुविधा बाहेकका अन्य सुविधामा नगरपालिकाले प्रदान दिने छ ।

**६. काज स्वीकृत गर्ने सम्बन्धी व्यवस्था :**

क) उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्ष एवं सदस्यहरुको काज स्वीकृत नगरपालिकाको नगरप्रमुख बाट हुनेछ । र नगर कार्यपालिकाको कार्यालय, विषयत शाखा, वडा समितिको कार्यालयका कर्मचारीहरुको काज स्वीकृत नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

**७. थपघट, हेरफेर वा संशोधनः** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

**८. वाधा अडकाउ फुकाउने अधिकार** :

क) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकाको हुनेछ ।

ख) उपदफा (क) बमोजिमको अधिकार प्रायोग गर्दा प्रचलित ऐन, नियम र यस कार्यविधिको मूलभुत कुरालाई असर गर्ने गरि अधिकारको प्रयोग गर्न सकिने छैन ।

**९. यसै बमोजिम भए गरेको मानिनेः** यो कार्यविधि स्वीकृत हुनुपूर्व नगरपालिकाको नगरसभा, कार्यपालिका, वडा समिति लगायत अन्य समितिको बैठक बसे वापत बैठक भत्ताहरु एवं पदाधिकारीहरुको भ्रमण खर्चहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत